आज मिति २०७७/०३/१८ गते बिहिवारका दिन शिवालय गाउँपालिका, सीमा जाजरकोटमा यस गाउँपालिकाका अध्यक्ष श्री नरेन्द्र कुमार शाहीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारको निर्णयहरु गरियो ।

**तपसिल**

| | |
|---|---|
| श्री नरेन्द्र कुमार शाही | अध्यक्ष |
| श्री कुमारी थापा | उपाध्यक्ष |
| श्री मान बहादुर पुन | वडाध्यक्ष वडा नं. १ |
| श्री प्रेम बहादुर बस्नेत | वडाध्यक्ष वडा नं. २ |
| श्री प्रेमदेव शर्मा | वडाध्यक्ष वडा नं. ३ |
| श्री तेज बहादुर बुढा | वडाध्यक्ष वडा नं. ४ |
| श्री चित्र प्रसाद रेग्मी | वडाध्यक्ष वडा नं. ५ |
| श्री भक्त बहादुर थापामगर | वडाध्यक्ष वडा नं. ६ |
| श्री बिरबल खत्री | वडाध्यक्ष वडा नं. ७ |
| श्री जसविर वली | वडाध्यक्ष वडा नं. ८ |
| श्री दिपक बहादुर खड्का | वडाध्यक्ष वडा नं. ९ |
| श्री शेर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री कालो बादी | कार्यपालिका सदस्य |
| श्री सिर्जना रेग्मी | कार्यपालिका सदस्य |
| श्री बालकुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री रामसरी राना | कार्यपालिका सदस्य |
| श्री विपना बुढा | कार्यपालिका सदस्य |
| श्री अनिलकुमार पाण्डे | सचिव |

शिवालय गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सिमा, जाजरकोट कर्णाली प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावहरु

१. बधाई सम्बन्धमा ।

२. सेनेटरी प्याड खरिद तथा वितरण र व्यवस्थापन समिति सदस्य मनोनित गर्ने सम्बन्धमा ।

३.. गाउँ शिक्षा समितिका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।

४. विद्यालयहरुको पाठ्यपूस्तक रकम अपुग सम्वन्धमा ।

५. स्थानीय पाठ्यक्रमको मस्यौदा निर्माण सम्बन्धमा ।

६. पशुपंक्षी विकास शाखाको शिविरको खर्च भुक्तानी सम्वन्धमा ।

७. प्रेस संगठन नेपाल कर्णाली प्रदेशलाई आर्थिक सहयोग सम्बन्धमा ।

८. रोजगारमूलक आयोजनाहरु छनौट गर्ने सम्बन्धमा ।

९. स्वारेनटाइन निर्माण तथा व्यवस्थापन सम्बन्धमा ।

१०. शिलालेख/ताम्रपत्र सम्बन्धमा ।

११. ज्ञापन पत्र सम्बन्धमा ।

१२. योजना तर्जूमा सम्बन्धमा ।

## निर्णयहरु

### निर्णय नं. १

यस शिवालय गाउँपालिकाको प्रशासन अधिकृत छैठौं पदमा कार्यरत श्री अनिलकुमार पाण्डेलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट आर्थिक तथा प्रशासनिक जिम्मेवारी सहित निमित्त प्रमुख प्रशासकिय अधिकृतको जिम्मेवारी दिएकाले निजलाई बधाइ ज्ञापन तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

स्यानीटरी प्याड खरिद तथा वितरण सम्बन्धी कार्यविधि बमोजिम व्यवस्थापन समितिको सदस्यमा यस शिवालय गाउँपालिका भित्रका महिला शिक्षक र बाल विकास केन्द्रका शिक्षिकाहरु मध्ये एक/एक जना सदस्य मनोनित गर्नु पर्ने प्रावधान अनुरुप श्री सरस्वती मा.वि. शिवालय ४ टाटाको शिक्षक श्री जानकी कुमारी खत्री र श्री लक्ष्मी प्रा.वि. शिवालय ८ बस्नौरा की बाल विकास शिक्षिका श्री कस्तुरा बुढालाई मनोनित गर्ने निर्णय गरियो ।

नि. प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ३

नैपाल सरकारबाट यस चालु आ.व. मा संचालन गर्ने गरी घोषणा गरेको छात्राहरुलाई स्यानीटरी प्याड वितरण गर्ने कार्यक्रमको लागि यस शिवालय गाउँपालिकामा प्राप्त सशर्त अनुदान रु. १२,००,०००। प्राप्त भएकोमा हाल विश्वभरी फैलिरहेको कोरोना भइरस कोभिड १९ संक्रमण रोकथाम तथा नियन्त्रणको लागि नेपाल सरकारले घोषणा गरेको बन्दाबन्दीको कारण समय मै स्यानीटरी प्याड खरिदको प्रक्रिया बढाउन नसकिएकोमा हाल सार्वजनिक खरिद ऐन, २०६३, को दफा ६६ तथा नियमावली, २०६४ को नियम १४५ बमोजिमको प्रक्रियाबाट रु. १०,००,०००। बराबरको स्यानीटरी प्याड खरिद गरी वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

शिवालय गाउँपालिका गाउँ शिक्षा समितिको मिति २०७७ बैशाख १९ गतेको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

शिवालय गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा पाठ्य पुस्तक खरिदको लागि रु. २३,५०,०००। प्राप्त भएको यस पालिका भित्रका विद्यालयहरुमा पाठ्य पुस्तक खरिदको लागि रु. २९,५०,०००। जति रकम आवश्यक पर्ने हुँदा नपुग हुने रकम रु. ६,००,०००। सम्बन्धित निकायमा माग गरी पठाउने र उक्त निकायबाट थप रकम प्राप्त नभएमा शिवालय गाउँपालिकाको समपुरक कोषबाट व्यहोर्ने निर्णय गरियो ।

निर्णय नं. ६

शिवालय गाउँपालिकाको भाषा, संस्कृति, परम्परा, यस क्षेत्रको पर्यटन आदि झल्किने गरी स्थानीय पाठ्यक्रमको मस्यौदा निर्माण गर्नको लागि शिवालय गाउँपालिका, शिक्षा युवा तथा खेलकूद विकास शाखालाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. ७

शिवालय गाउँपालिका पशु पंक्षी विकास शाखाले रेविज रोग खोप शिविर संचालन गर्दा खर्च भएको रकम गाउँपालिकाको कुनै पनि कार्यक्रममा विनियोजन नभएको हुँदा उक्त शिविर संचालन खर्च विल अनुसारको रकम सम्पुरक कोषबाट भुक्तानि गर्ने निर्णय गरियो ।

## निर्णय नं. ८

प्रेस संगठन नेपालले कर्णाली प्रदेश स्तरीय भेला रुकुम पश्चिमको चौरजहारीमा सम्मपन्न गर्दा खर्च भएको रकम प्रेस संगठन नेपाल कर्णली प्रदेशबाट यस पालिकामा माग भई आएको हुँदा रु. ५०,०००। सम्पुरक कोषबाट भुक्तानि गर्ने निर्णय गरियो ।

## निर्णय नं. ९

हाल विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस कोभिड १९ संक्रमण रोकथाम तथा निणयन्त्रणका लागि नेपाल सरकार, भारत लगायत अन्य तेस्रो मुलुकहरुले जारी गरेका बन्दाबन्दीका कारण रोजगारी गुमाई शिवालय गाउँपालिका फर्केका नागरिकहरुलाई क्वारेन्टाइनमा निश्चित दिन राखी परीक्षण गर्। घर फिर्ता गर्नु पर्ने र क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन आदिमा भएको खर्चको विवरण आगामी कार्यपालिकाको बैठक र गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

## निर्णय नं. १०

शिवालय गाउँपालिकामा यस आ.व.मा प्राप्त चालु खर्चको फाँटवारी अध्यक्ष, उपाध्यक्ष लगायत कार्यपालिकाका सदस्यहरुलाई उपलब्ध गराउने निर्णय गरियो ।

शिवालय गाउँ कार्यपालिकाको मिति २०७७/०३/१८ मा बसेको उनन्पचासौं बैठकबाट उपरोक्तानुसारका निर्णयहरु भएको व्यहोरा प्रमाणित गर्दछु ।

प्रमुख प्रशासकीय अधिकृत